# महिला, बालबालिका तथा समाज कल्याणका क्षेत्रमा काम गर्ने संस्थालाई दिईने अनुदान सम्बन्धी कार्यविधि, २०७५

**स्वीकृत मितिः२०७५।०७।१५**

**प्रस्तावनाः**

समाजका सबै वर्गको समान सहभागिता तथा पहुँचमा विकासका लागि महिला,एकल महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित , जनजाति , अल्पसंख्यक , सिमान्तकृत , लोपोन्मुख लगायत समाज कल्याणका अन्य क्षेत्रमा सहकार्यको विकास गर्न सो क्षेत्रमा काम गर्ने संघ संस्थाहरूसँग समन्वय तथा सहकार्य गरी उल्लेखित वर्गको क्षेत्रमा प्रदेश सरकार र गैरसरकारी क्षेत्र बीच साझेदारी गरी कार्य संञ्चालन गर्ने र उद्देश्य अनुरुपको प्रदेश सभाबाट स्वीकृत कार्यक्रमहरु सन्चालन गर्ने कार्य पारदर्शी, उपलब्धिमूलक र व्यवस्थित बनाउने उद्देश्यले सामाजिक विकास मन्त्रालय प्रदेश नं ५ ले यो अनुदान सम्बन्धी कार्यविधि बनाई लागू गरेको छ ।

परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यबिधि, को नाम “महिला बालबालिका तथा समाज कल्याणका क्षेत्रमा काम गर्ने संस्थालाई दिइने अनुदान सम्बन्धी कार्यबिधि, २०७५” रहेको छ ।

(ख) यो कार्यबिधि, तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा-

(क) “कार्यक्रम खर्च” भन्नाले लक्षित वर्गले प्रत्यक्ष सेवा पाउने गरी लक्ष्य, कार्यक्रम र बजेट खुलेको खर्च भन्ने सम्झनु पर्दछ ।

(ख) “मन्त्रालय ”भन्नाले सामाजिक विकास मन्त्रालय प्रदेश नं ५लाई सम्झनु पर्दछ ।

(ग) “प्रशासनिक खर्च” भन्नाले पारिश्रमिक, सेवा महसुल तथा भाडा, कार्यालय सामान तथा परामर्श सेवा र भ्रमण खर्च जस्ता चालु खर्च सम्झनु पर्दछ ।

(घ) “महाशाखा” भन्नाले सामाजिक विकास मन्त्रालय प्रदेश नं ५ को सामाजिक विकास महाशाखालाई सम्झनु पर्दछ ।

(ङ) “संस्था” भन्नाले महिला, बालबालिका तथा समाज कल्याणका अन्य क्षेत्रमा काम गर्नको लागि कानून बमोजिम दर्ता भई यस मन्त्रालयमा विधिवत् रुपमा सूचीकृत संस्थालाई सम्झनु पर्दछ ।

परिच्छेद-२

## अनुदान सम्बन्धी व्यवस्था

**३ अनुदान उपलब्ध हुने क्षेत्र :** महिला, एकल महिला,बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति,दलित, जनजाति,अल्पसंख्यक,लोपोन्मुख,सिमान्तकृत वर्ग लगायत समाज कल्याणका अन्य क्षेत्रमा काम गर्ने संस्थाहरूलाई देहायका विषयमा मन्त्रालयले अनुदान दिन सक्नेछ- :

(१) अपाङ्गता भएका व्यक्तिहरूको लागि दिर्घकालीन पुनर्स्थापना गृह, अल्पकालीन सुरक्षा गृह,दिवा सेवा केन्द्र निर्माण तथा संचालन गर्न ।

(२) जेष्ठ नागरिकहरूका लागि वृद्धाश्रम/हेरचाह केन्द्र र दिवा सेवा केन्द्र निर्माण तथा संचालन गर्न ।

(३) जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि सहायक सामग्रीहरूको उत्पादन एवं वितरण गर्ने ।

(४) शिक्षा, जीवनोपयोगी सीप तथा व्यवसायिक तालिम संचालन गर्न ।

(५) लक्ष्यित समुदायमा आयमूलक कार्यक्रम संचालन कार्य गर्ने सो को योजना बनाई आयआर्जनका लागि सीप, बिऊ पूँजी दिने र सोको अनुगमन गर्ने ।

(६) महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठ नागरिक तथा यौनिक तथा लैगिंक अल्पसंख्यकको हक हितका लागि गरिने पैरवी, प्रशिक्षण, सि.वि.आर कार्यक्रम, सहजकर्ता, दोभाषे, तथा सहयोगीहरुका लागि तालिम कक्षा सञ्चालन, प्रचार, प्रसार जस्ता कार्यक्रम संचालन गर्न ।

(७) महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक लगायत समाज कल्याणका अन्य क्षेत्रमा मन्त्रालयले प्राथमिकता तोकेका विषयहरूमा कार्यक्रम सञ्चालन गर्न ।

**४. अनुदान उपलब्ध गराउन सक्नेः** मन्त्रालयले आवश्यकता बमोजिम प्रस्ताव माग गर्ने छ । माग भई आए बमोजिमको प्रस्तावमा छनौट समितिले उपयुक्त ठहऱ्याएमा प्रस्तावना स्वीकृत गरिने छ ।

**५. अनुदानका लागि दरखास्त साथ प्रस्ताव पेश गर्नु पर्ने** (१) दफा ३ बमोजिमका विषयहरूमा काम गर्ने संस्थाले स्थानीय निकाय र लक्षित बर्गको संलग्नतामा सम्भाव्यता अध्ययन भएको प्रतिवेदन समेत संलग्न राखी मन्त्रालयले प्रस्ताव आह्वान गरे पश्चात् आवेदनका साथ प्रस्ताव पेश गर्नु पर्नेछ ।

(३) अनुदानबाट निर्माण भएको संरचनाहरूको गुणस्तर र सेवा सञ्चालन तथा दिगोपनाको जिम्मेवारी अनुदान प्राप्त गर्ने संस्थाको हुनेछ ।

(४) उपदफा (१) बमोजिमको दरखास्त पेश गर्दा (अनुसूची-१मा) दिइएको ढाँचामा (प्रस्तावित कार्यक्रमको अवधारणापत्र समेत) पेश गर्नुपर्नेछ ।

(५) अनुदान लिन इच्छुक संस्थाले देहाय बमोजिमको विवरण सहित सामाजिक विकास मन्त्रालयमा दरखास्त दिनु पर्नेछ- :

(क) प्रचलित कानून बमोजिम संस्थाको दर्ता तथा नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपि र मन्त्रालयमा आबद्धता भएको प्रमाण पत्र प्रतिलिपि

(ख) संस्थाका सञ्चालकहरुको व्यक्तिगत विवरण,

(ग) संस्थाको अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन,

(घ) संस्थाको भौतिक अवस्था देखिने विवरण,

(ङ) संस्थाको जनशक्तिको अवस्था,

(च) संस्थाको विधान

(छ) सञ्चालक समितिले अनुदान माग गर्न गरेको निर्णयको प्रतिलिपि,

(ज) स्थानीय तहबाट र संस्थाबाट व्यहोरिने स्रोत र सिफारिश,

(झ) प्रस्तावित कार्यक्रममा संस्थाको कम्तीमा ३०% अंश (कुल लागतमा बढीमा १०% Overhead Cost समेत) हुने व्यहोरा खुलेको विवरण ।

**६.मूल्यांकन तथा सिफारिस समिति :**

(१) दफा ५ बमोजिम प्राप्त दरखास्त उपर मूल्यांकन गर्न देहाय बमोजिम ५ सदस्यीय मूल्यांकन तथा सिफारिस समिति गठन गरिनेछ :

(क) सामाजिक विकास महाशाखाको अधिकृत - संयोजक

(ख) मन्त्रालयको आर्थिक प्रशासनको महाशाखाको प्रतिनिधि -सदस्य

(ग) प्रशासन महाशाखा प्रतिनिधि -सदस्य

(२) प्रस्तावनाको विषयबस्तु अनुरुप आवस्यकता अनुसार बिज्ञताका आधारमा अन्य ब्यक्ति प्रतिनिधि सदस्यको रुपमा रहनेछन् ।

(३) मूल्यांकन तथा सिफारिस समितिले दफा ५ बमोजिम पेश भई आएका प्रस्ताव देहायको आधारमा मूल्यांकन गर्ने छ :-

| क. स | विवरण | अंक भार |
|---|---|---|
| १ | प्रस्ताव र अवधारणा पत्रको मूल्यांकन | २५ |
| २ | संस्थाका भौतिक संरचना | १५ |
| ३ | संस्थाको जनशक्तिको अवस्था | १० |
| ४ | संस्थाको सम्बन्धित क्षेत्रको अनुभव | १५ |
| ५ | संस्थाको आर्थिक कारोबार | १० |
| ६ | संस्थाको आन्तरिक स्रोत परिचालनको अंश | १५ |
| ७ | स्थानीय स्रोत साधन परिचालनको अंश | १० |
| | जम्मा | १०० |

(४) उपदफा (३) मा उल्लिखित हरेक विवरणको अंक भारलाई आधार लिई छनौट समितिले आवश्यकताको आधारमा अंकसहितको सहायक मानकहरु प्रस्ताव पत्र खोल्नु अगाडि नै तयार गर्ने छ ।

**७.संस्था छनौट समितिः**

(१) दफा ६ बमोजिम सिफारिस भई आएका संस्थाहरुलाई विभागले बजेटको सीमितता एवम् कार्यक्रमको आवश्यकताको आधारमा अनुदानको लागि छनौट गर्नेछ । उक्त कार्यको लागि मन्त्रालयमा देहाय बमोजिमको ५ सदस्यीय एक छनौट समिति रहनेछ- :

(क) सामाजिक बिकास महाशाखा प्रमुख - संयोजक

(ख) मन्त्रालयको नीति,योजना तथा कार्यक्रम शाखा प्रतिनिधि सदस्य

(ग) आर्थिक महाशाखा प्रमुख सदस्य

(२) प्रस्तावनाको विषयबस्तु अनुरुप आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञ वा अन्य सम्बन्धित व्यक्तिलाई सदस्यका रुपमा समेत आमन्त्रण गर्न सकिनेछ ।

**८.अनुदान नदिइने:**

(क) यस कार्यबिधि, मा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका संस्थाहरूलाई अनुदान दिइने छैन :

(क) मन्त्रालयमा सुचीकृत नभएका ।

(ख) लिएको अनुदानको बिल भरपाई तथा प्रगति प्रतिवेदन पेश नगरेका ।

(ग) अनुगमनबाट कार्यक्रम संतोषजनक रूपले सञ्चालन गरेको नदेखिएका ।

घ) दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरु संलग्न नगरेको एवम् संस्थाको विवरण पूर्ण रुपमा उल्लेख नगरेको ।

(ड.) मूल्यांकनमा साठी प्रतिशत भन्दा कम अंक प्राप्त गरेको ।

(ङ) प्रगति प्रतिवेदन, लेखा परीक्षण प्रतिवेदन पेश नगरेको ।

(च) नियमानुसार नवीकरण नभएको ।

(ख) मन्त्रालयले आवश्यक नठानेका क्षेत्रमा अनुदान उपलब्ध गराइने छैन ।

**९. अनुदान रकम भुक्तानी दिईने** रकम उपलब्ध गराउँदा

सम्झौता पश्चात् संस्थाले आवेदन पेश गरी ३० प्रतिशत पहिलो किस्ता स्वरुप रकम माग गर्न सक्ने छ । पूर्ण कार्य सम्पादन भै सकेको अवस्थामा अनुगमन समितिको सिफारिस र पहिलो किस्ता रकमको बिलभरपाई पेश गरेमा ५० प्रतिशत थप रकम भुक्तानी दिईने छ र बाँकी २० प्रतिशत रकम सम्पूर्ण कार्य सम्पादन गरी अन्तिम बिल भरपाई र आवश्यक कागजात पेश भएमा भुक्तानी दिईने छ ।

**१०. अनुदान प्राप्त गर्ने संस्थाको दायित्व** अनुदान प्राप्त गर्ने संस्थाले देहायको दायित्व बहन गर्नु पर्नेछ :-

(क) प्रस्तावनामा उल्लेख भएको र मन्त्रालयमासँग संझौता भए बमोजिम मात्र खर्च गर्न पर्नेछ ।
(ख) सम्झौतामा उल्लेख भए बमोजिम कार्य प्रगति प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ ।
(ग) अनुदानको रकम उपयोग गर्न नसकेमा आगामी कार्यक्रममा उक्त संस्थालाई समावेश गरिने छैन र वाँकी किस्ता पनि दिइने छैन । तोकिएको समयमा कार्य सम्पादन गर्न नसके सो को उपयुक्त आधार नठहऱ्याइएमा सरकारी बाँकी सरह असुल उपर गरिने छ ।
(घ) आर्थिक वर्ष समाप्त भएको मितिले ४ महिना भित्र लेखा परीक्षण गराई कार्यक्रमबारे प्रतिकृया सहितको प्रतिवेदन समेत पेश गर्नु पर्नेछ ।

(ङ) प्राप्त अनुदानको रकम खर्च गर्दा कामको प्रकृति अनुसार निर्माण कार्यका लागि प्रदेश सरकारको प्रचलित कानुन बमोजिम गर्नु पर्ने र दश प्रतिशत भन्दा बढी रकम प्रशासनिक कार्यमा खर्च गर्न पाइने छैन ।

(च) प्राप्त अनुदानको हिसाव स्वीकृत लेखा प्रणाली अनुसार राख्नु पर्नेछ ।

छ) संस्थाले कानूनबमोजिमको कर कट्टी गरेको हुनु पर्नेछ ।

## ११. अनुगमन गरिनेः

(१) मन्त्रालयले यो कार्यबिधि, बमोजिम अनुदान प्राप्त संस्थाको कामको अनुगमन आवश्यकता अनुसार अनुगमन गर्नेछ । अनुगमन सामाजिक विकास महाशाखाको प्रतिनिधित्वमा विषय बिज्ञ सहितको टोलीले गर्ने छ ।

(२) उपदफा (१) बमोजिमको समितिले अनुदान दिइएको बिवरण अध्यावधिक रूपमा राख्न लगाई वर्षको कम्तीमा दुई पटक आफैंले वा तोकेको अधिकृतबाट अनुगमन गरी गराई सो को प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(३) समितिले जिल्ला/स्थानीय तह स्तरमा अनुदान प्राप्त संस्थाहरूको काम कारवाहीको अनुगमन गर्न टोली खटाउन सक्ने छ ।

(४) सो अनुगमनको क्रममा दिइएका निर्देशनको पालना गर्नु सम्वन्धित कार्यालय,संस्थाको कर्तव्य हुनेछ ।

(५) मन्त्रालयले गर्ने आफ्नो नियमित अनुगमन यसले असर पार्ने छैन ।

(६) अनुगमन टोलीमा छनौट तथा सिफारिस समितिका सदस्यहरूलाई समावेश गर्न सकिनेछ ।

(७) अनुगमन समिति वा समितिले खटाएको टोलीले गरेको अनुगमनको प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ ।

## १२. कार्य सम्पादन प्रतिवेदन :

संस्थाले प्राप्त गरेको अनुदान रकमबाट सम्पन्न गरेको कामको कार्य सम्पादन प्रतिवेदन सम्बन्धित संस्थाले मासिक, चौमासिक र आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र तथा मन्त्रालय लाई आवश्यक भई माग भए बमोजिम आवश्यक कागजातहरु संलग्न राखी बुझाई सक्नुपर्नेछ । निर्माण कार्य सम्पन्न प्रतिवेदनमा प्राविधिक सिफारिस समेत संलग्न गर्नुपर्ने छ ।

**१३.मन्त्रालयले निर्णय र व्याख्या गर्न सक्नेः**

(१) यो कार्यबिधि, को कार्यान्वयनको क्रममा कुनै उजुरी पर्न आएमा सो सम्बन्धमा मन्त्रालयले निर्णय गर्नेछ र मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ ।

(२) यो कार्यबिधि, कार्यान्वयनको क्रममा कुनै द्विविधा पर्न आएमा मन्त्रालयले व्याख्या गर्न सक्नेछ ।

(३)उपदफा (१) बमोजिम मन्त्रालयले गरेको निर्णय उपर दफा (२) बमोजिम मन्त्रालयले गरेको व्याख्याको पालना गर्नु सम्बन्धित सवैको कर्तव्य हुनेछ ।

**१४. विविधः**

(१) मन्त्रालयबाट प्राप्त अनुदान रकमबाट संस्थाले कार्यक्रमका लागि खर्च गर्दा प्रचलित खरिद ऐन र नियमावलीको अधिनमा रही खरिद गर्नु पर्नेछ साथै गोष्ठी , सेमिनार, तालिम, दैनिक भ्रमण खर्च, होटल बास आदिको सम्बन्धमा नेपाल सरकारको प्रचलित कानुनको अधिनमा रही खर्च गर्नु पर्नेछ ।

(२) मन्त्रालय र अन्तर्गत कार्यालयका कर्मचारीले अनुदान प्राप्त गर्ने संस्थाका कार्यक्रममा भाग लिए वापत् विज्ञको हैसियतमा वाहेक कुनै आर्थिक सुविधा लिनु हुँदैन । तर त्यस्ता कार्यक्रममा भाग लिन बाधा भने पर्ने छैन ।

(३) यो कार्यविधि, वमोजिम प्राप्त अनुदान रकमबाट तालिमको लागि खर्च गर्दा प्रदेश सरकारले तोकेको मापदण्ड बमोजिम खर्च गर्नुपर्नेछ ।

## अनुसूची- १

अनुदान प्राप्त गर्न चाहने संस्थाले पेश गर्नुपर्ने अवधारणा

(क) कार्यक्रमको नाम :

(ख) प्रस्तावित कार्यक्रमको संक्षिप्त विवरण :

(ग) उद्देश्य :

(घ) लक्षित समुदाय :

(ङ) क्रियाकलाप :

(च) कार्यक्रम अवधि :

(छ) अनुमानित कूल लागत :

(१) स्थानीय तहको हिस्सा :

(२) संस्थाको हिस्साः

(३) मन्त्रालयबाट अपेक्षित अनुदानको हिस्सा :

अनुसूची- २

## संस्था सूचीकृत तथा सेवा मापनका लागि विवरण फारम

१) संस्थाको नाम :- | २)ठेगाना :-

३) दर्ता नं र मिति :- | ४) दर्ता जिल्ला :-

५) समाजकल्याण परिषद दर्ता नं :- | ६) मन्त्रालय आवद्धता नं :-

७) शाखा रहेको जिल्ला :- | ८)प्रमुख ब्यक्ति :-

९) इमेल :- | १०)सम्पर्क नं :-

११) कार्यक्रम तथा कार्य क्षेत्र विवरण :-

| जिल्ला | पालिकाहरु |
|---|---|
| १) | १) |
| २) | २) |
| ३) | ३) |

१२) संस्थाको उद्देश्य :-

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

१३) संस्थाको काम गर्ने क्षेत्र

........................................... ........................................

......................................... ........................................

........................................... ........................................

१४)संस्थाको भौतिक पूर्बाधार

क) भवन संख्या ......... ख) जग्गा जमिन ........

ग) भाडामा भएको........... घ) कोठा संख्या .........

ङ.) अन्य पूर्बाधार.........................................

१५) संस्थासँग भएको जनशक्ति

| अप्राविधिक | | प्राविधिक | | कैफियत |
|---|---|---|---|---|
| किसिम | संख्या | किसिम | संख्या | |
| | | | | |
| | | | | |

१६) हाल संञ्चालनमा रहेका परियोजना :-

| सि.नं | परियोजनाको नाम | क्षेत्र | लक्षित वर्ग | अवधि | | सम्पर्क व्यक्ति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | देखि | सम्म | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

१७) संस्थामा उपलब्ध सामाजिक बिकास सम्वन्धी कार्यक्रम र सेवा :-

| क्र.स. | परियोजनाको नाम | क्रियाकलाप | इकाई | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**१८) प्रदान गर्ने सेवाहरु ( )चिन्ह लगाउने**

| **आकस्मिक सहायता** | | | |
|---|---|---|---|
| हानीकारक अवस्थाबाट उद्धार | | प्रहरीमा उजुरी गर्न जानु | |
| आकस्मिक स्याहार, खाना, र छानाको व्यवस्था | | आकस्मिक विमर्श | |
| आकस्मिक चिकित्सा सेवाको व्यवस्था | | अन्य (खुलाउनुहोस्) | |

**थप जानकारी :**

**न्यायमा पहुँच**

| | | | | |
|---|---|---|---|---|
| कानुनी सहायता | | | अदालतमा प्रतिनिधित्व | |
| कानुनी काजगपत्रहरुको तयारी | | | प्रहरी, सरकारी वकिल, अदालत, आदिमा फलो अप ( फौजदारी मुद्दाहरुमा मात्र) | |
| अन्य (खुलाउनुहोस्) | | | हिरासतको अवधिमा अनुगमन | |

**थप जानकारी :**

**परिवार र वैकल्पिक स्याहार**

| | | | | |
|---|---|---|---|---|
| परिवारको पहिचान र पुनर्एकीकरण | | | नातेदार/परोक्ष (फोस्टर) स्याहारमा राख्ने | |
| पारिवारिक विमर्श | | | धर्मपुत्र/पुत्री | |
| बाल गृहमा राख्ने | | | अन्य (खुलाउनुहोस्) | |

**थप जानकारी :**

**दीर्घकालीन सहायता**

| | | | | |
|---|---|---|---|---|
| औपचारिक शिक्षामा पहुँच | | | पारिवारिक सहयोग (भौतिक र नगद समेत) | |
| अनौपचारिक शिक्षामा पहुँच | | | मनोसामाजिक विमर्श | |
| व्यावसायिक तालिम | | | चिकित्सकीय मनोसामाजिक सहायता | |
| आयमूलक क्रियाकलापहरु | | | अन्य (खुलाउनुहोस्) | |

**थप जानकारी :**

**संस्थागत सेवा संञ्चालन**

| | | | | |
|---|---|---|---|---|
| बालगृह संञ्चालन | | | बृद्ध आश्रम संञ्चालन | |
| आवधिक गृह संञ्चालन | | | पुनर्स्थापना केन्द्र संञ्चालन | |
| दिवा सेवा संञ्चालन | | | अनौपचारिक शिक्षा केन्द्र संञ्चालन | |
| **थप जानकारी :** | | | | |
| **अन्य भए** | | | | |
| **क)** | | | **ख)** | |
| **ग)** | | | **घ)** | |
| **ङ.)** | | | **च)** | |
| | | | | |

१९) सहयोगी निकाय/साझेदार

| सि.नं | सहयोगी निकाय/साझेदारको नाम | अवधि | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

**संस्थाको छाप** **हस्ताक्षर**